स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यतिबेला अघिल्ला पुस्ताका स्थापित कलाकारहरुको कमब्याकको लहर चलेको छ। राजेश हमाल, विराज भ,राजबल्लभ कोइराला जस्ता कलाकारहरुले कमब्याक गरिसकेको अवस्थामा अब 'एक्सन स्टार'को रुपमा कहलिएका निखिल उप्रेती पनि करिब ५ वर्षपछि फिल्ममा फर्किने तयारीमा जुटेका छन् । उनले अर्को वर्ष आफ्नै निर्देशनमा फिल्म बनाउन लागेका हुन्। हालै एक अन्तर्वार्तामा निखिलले आगामी जेठबाट छायांकन सुरु गरिने बताएका छन्।


**आजको विचार...**



**योजना...**

(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



राष्ट्रिय अवार्ड जित्न सफल 'बुलाकी'का निर्देशक लक्ष्मण सुनारको दोस्रो फिल्म 'कल्ली'मा कलाकारहरुको 'लाइनअप' रोचक बनिरहेको छ। यही फिल्मबाट अभिनेता उत्तम प्रधानले करिब एक दशकपछि कमब्याक गर्दैछन्। यसमा सौगात मल्लको पनि मुख्य भूमिका रहनेछ। यसैबीच, अभिनेता नाजिर हुसेन र अभिनेत्री वर्षा राउतलाई फिल्ममा अनुबन्धित गरिएको छ। आगामी पुष १० गतेबाट छायांकन सुरु हुन लागेको फिल्ममा बेनिशा हमाल, अर्पण थापा, बुद्धि तामाङ, कमलमणि नेपाल, अभिनय रहने निर्माता किरण नेपालीले जानकारी दिए।

❒ वर्ष ३० ❒ अंक १३२ ❒ २०८१ मंसिर २० गते बिहीबार 5 December 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# जनताका वाचा पुरा गर्दै कालीगण्डकी गाउँ सरकार

**जगदीश भट्टराई**

**गुल्मी,** मंसिर १९/गएको स्थानीय तहको निर्वाचनमा चुनाव जित्न जनतासामु अनेकौं वाचा गरेका अधिकांस स्थानीय तहका जनप्रतिनिधिले तीन वर्ष पुग्न लाग्दा समेत तिनलाई पूरा गर्ने सुरसारै देखाएका छैनन् । उनीहरुले मतदाता रिझाउनकै लागि स्थानीय तहको चुनावी घोषणापत्रमा जे जस्ता सपना देखाए, साढे दुई वर्षपछि पनि ती सपना मात्रै छन् । केही यस्ता स्थानीय सरकार पनि छन्, जसले निर्वाचनका बेला जनतासँग गरेका वाचाहरु प्रथामिकतामा राखेर धमाधम काम गरिरहेका छन् ।

गुल्मीको सुदुरपूर्वमा रहेको कालीगण्डकी गाउँपालिकाले निर्वाचनका बेला जनप्रतिनिधिले गरेका थुप्रै वाचाहरु पुरा गरेको छ भने केही पुरा गर्ने क्रममै छ । विशेषत: पालिकाले शिक्षा, स्वास्थ्य र खानेपानीका क्षेत्रमा गरेका वाचाहरुलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । निर्वाचनका बेला घोषणापत्रमा उल्लेख भए अनुसार पालिकाका सबै वडा,टोलहरुमा सडक




पहुँचका कार्यहरुलाई समेत पालिकाले निरन्तर रुपमा अगाडि बढाएको छ । अहिले सातैवडामा सम्पन्न भएका योजनाका दीगोपन र नयाँ योजना सम्झौताका कार्यहरु भई रहेको छ । निर्वाचनका बेला जनतासँग गरेका वाचा अनुसार नै पालिकाले काम गर्दै आएको गाउँपालिकाका अध्यक्ष वेदबहादुर थापाले बताए । उनले धेरै वाचाहरु पुरा गरेको र केही पुरा गर्ने क्रममा आफुहरु रहेको उल्लेख गरे । अध्यक्ष थापाले भने 'हामीले शिक्षा, स्वास्थ्य र खानेपानीका क्षेत्रमा जनतासँग गरेका वाचाहरुलाई पहिलो प्राथमिकतामा राखेर काम गरेका छौं, त्यसपछि भौतिक पुर्वाधारका अवधारणालाई अगाडि बढाएका छौ ।' जसका कारण बसाईंसराई, स्वास्थ्य र शिक्षाका क्षेत्रमा केही नयाँ परिवर्तनहरु देखिएको उनको भनाई छ । सबै सामुदायिक विद्यालयहरुमा नियमानुसारको सेवा सुविधा र विषयगत शिक्षकहरुको व्यवस्था गरी गुणस्तरीय शिक्षाका लागि पहल गरिएको अध्यक्ष थापाले बताए । उनले भने 'हामीले एक घर एक धाराको अवधारणालाई अगाडि बढाएका कारण अहिले धेरै जसो वडाका वासिन्दाले घरघरमै स्वच्छ र सफा खानेपानी उपभोग गर्न पाएका छन् । निर्वाचनका बेला हामीले पहिलो प्राथमिकताका आधारहरु यसैबाट निर्धारण गरेका थियौं ।' खानेपानीका लागि गोर्खा वेलफेयर ट्रष्ट र नेपाल रेडक्रस सोसाईटीबाट प्राविधिक र आर्थिक सहयोग प्राप्त भएको अध्यक्ष थापाको भनाई छ । सूचना र प्रविधिका क्षेत्रमा नेपाल टेलिकमका टावरहरुको स्तरीकरण, अफ्टिकल फाईवर जडान गरी गुणस्तरीय इन्टरनेट सेवामा समेत पालिकाले महत्वपूर्ण कार्य गरेको छ । जसले गर्दा सूचना र प्रविधिका क्षेत्रमा पालिकाले थुप्रै प्रभावकारी काम गर्न सफल भएको छ । यहाँका स्वास्थ्य चौकीहरु समेत प्रविधि मैत्री बनेका छन् । पालिकाले वडाकार्यालयहरुको क्षमता वृद्धिका लागि आवश्यक प्राविधिक तथा जनशक्तिको कमीलाई परिपुर्ति, सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत भूक्तानीको व्यवस्था, व्यवसायिक कृषहरुलाई प्रोत्साहन, बेमौसमी तरकारी उत्पादन, बजारीकरण, राष्ट्रपति शैक्षिक सुधार कार्याक्रमलाई निरन्तरताका साथ अगाडी बढाएको जनाएको छ । पुर्तिघाट शान्तिपुर सडक निर्माणको क्रममा घर क्षति भएका वासिन्दाका लागि पुर्नवासको व्यवस्था, विपन्न परिवारलाई, औषधी उपचारको व्यवस्था, विपतमा परेका नागरिकलाई राहत, लघुउद्यम विकास कार्याक्रमबाट ४८ जना महिलालाई उद्यमी बनाउने जस्ता जनमैत्री काम गरिएको गाउँपालिका उपाध्यक्ष मञ्जु दर्लामीले बताइन् । उनले स्थानीय सरकार एक्लैले सम्पन्न गर्न नसक्ने योजनालाई डिपिआर तयार गरेर प्रदेश तथा संघीय सरकार समक्षमाग गरिएको, बहुउद्देश्यीय सभाहल, अपांगता, अशक्तका लागि भत्ता, नवजात छोरीको खातामा निजको आमा संरक्षक रहने गरी जन्मना साथ पाँच हजार प्रदान, कृषिमा यान्त्रिकीकरण, कुटानी पिसानीको सुलभ व्यवस्था, कृषि ज्ञानकेन्द्रसँगको समन्वयमा नयाँ-नयाँ काम समेत गरिएको बताइन् । गौरवको आयोजना कालीगण्डकी ए, जलविद्युत आयोजनाबाट प्रभावित र अति प्रभावित सातै वडाका वासिन्दालाई नेपाल विद्युत प्राधिकरणबाट प्राप्त हुने वार्षिक रोयल्टीवापतको रकमलाई व्यवस्थित र पारदर्शी रुपमा वितरण गरी, महिला, युवा र बेरोजगारका लागि प्रत्यक्ष रोजगारीको व्यवस्थापन मिलाइएको उपाध्यक्ष दर्लामीको भनाई छ । ग्रामिण जनताका मागलाई मध्यनजर गरी भौतिक विकासका साथै सामाजिक र शैक्षिक विकासमा जोड दिइएको प्रमुख प्रशासकिय अधिकृत नरेश गिरीले बताए । उनले भने 'हरेक विकासका योजना निर्माण गर्दा र कार्यान्वयन गर्ने क्रममा व्यापक जनसहभागिताका साथै कार्यपालिकामा व्यापक छलफल र सल्लाहका आधारमा काम गर्दै आएका छौं ।'

## संक्षिप्त समाचार

### विद्रोहीहरूको आक्रमणमा ९ को मृत्यु

**(रासस/एएफपी) सिन्ह्वा),** मंसिर १९/पूर्वी प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डिआरसी) मा आइतबार राति एलाइड डेमोक्रेटिक फोर्स (एडिएफ) विद्रोहीहरूको आक्रमणमा कम्तिमा नौ जनाको मृत्यु भएको सैन्य स्रोतले जनाएको छ । धेरैगाउँलेहरु बेपत्ता भएका छन् । स्थानीय नागरिक समाजका नेता कातुहो किनोसले कम्तीमा १४ जनाको ज्यान गएको र खोजी कार्य जारी रहेकाले सङ्ख्या बढ्न सक्ने बताए । सन् १९९० को दशकमा युगान्डामा धेरै विपक्षी आन्दोलनहरूद्वारा स्थापना भएको एडिएफ युगान्डा सेनाद्वारा पराजित भएको थियो । तर यसका सदस्यहरू पूर्वी डिआरसीमा सक्रिय छन् । एडिएफले सन् २०१७ मा इस्लामिक स्टेटसँग आफ्नो सम्बन्ध घोषणा गरेको थियो । सन् २०२१ को अन्त देखि, युगान्डा र डिआरसी सेनाले पूर्वी डिआरसीमा एडिएफ विद्रोही विरुद्ध संयुक्त अभियान सुरु गरेको छ । एडिएफ विरुद्ध डिआरसी सेनाको लडाई सन् २०१६ मा सुरु भयो, जब सरकारी सेनाहरू एडिएफ विद्रोहीहरूको खोजी गर्न बेनी क्षेत्रको जङ्गलमा गएका थिए । यसलाई तान्जानियाली, मलावियन र दक्षिण अफ्रिकी शान्ति सैनिकहरूको विशेष ब्रिगेडले पनि निशाना बनाएको थियो । सन् २०१७ मा, कम्तिमा १५ तान्जानियाली शान्ति सैनिकहरू बेनीमा एडिएफ आक्रमणमा मारिएका थिए ।

## ५६ लाखको मेसिनबाट सुन्तला ग्रेडिङ




**वालिङ (स्याङ्जा),** मंसिर १९/सुन्तला ग्रेडिङका लागि प्रविधिको प्रयोगले सहज भएको छ । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकस्थित त्रिपुत्र बागवानी फार्मले सुन्तलाको ग्रेडिङ थालेसँगै सहज भएको हो ।

नेपालमा पहिलोपटक २०७५ सालदेखि सुन्तलाको ग्रेडिङ मेसिन जडान गरी काम सुरु भएसँगै सहज भएको बागवानी सञ्चालक एवं अगुवा किसान फणिनारायण अर्यालले बताए । पोष्ट हार्भेष्ट निर्देशनालय काठमाडौं र बागवानी फार्मबीच सम्झौता भएर ८५ प्रतिशत अनुदानमा ५६ लाख लागतमा भारतबाट मेसिन ल्याई जडान गरिएको हो । "निर्देशनालयको ८५ प्रतिशत अनुदान र फार्मको १५ प्रतिशत लागत साझेदारीमा सुन्तलाका क्षेत्रमा ग्रेडिङ प्रविधि नेपालमा पहिलोपटक भित्रिएको हो", उनले भने, "मेसिन जडान भएसँगै सुन्तलाको ग्रेडिङ तथा सफा गर्न सहज भएको छ ।" प्रतिघण्टा पाँच टनसम्म सुन्तला ग्रेडिङ गर्ने क्षमताको मेसिनले फोहरमैला, कालो टीका सफा गर्ने सञ्चालक अर्यालले बताए ।

**-बाँकी अन्तिम पेजमा...**

## आज स्वयंसेवक दिवस र माटो दिवस एकै साथ मनाइँदै

**पाल्पा,** मंसिर १९/आज पाल्पा लगायत देशैभर अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस र विश्व माटो दिवस एकै साथ मनाइँदैछ । हरेक वर्षको डिसेम्बर ५ मा यो दिवस मनाउने गरिन्छ । नेपालमा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्थाले विविध कार्यक्रमतय गरेका छन् ।




स्वयंसेवाको महत्वकाबारे सचेतना मुलक कार्यक्रमसहित समाजमा व्याप्त असमानता हटाउन र दिगो विकास लक्ष्य प्राप्तिमा सघाउने गतिविधी उनीहरुले गर्न लागेका हुन् । रेडक्रस या अन्य सामाजिक सेवामा स्वयंसेवक भएर कार्य गरेको प्रथम अनुभव बटुलेका हुन्, वा कुनै स्वार्थबिना या अझ भनौ अनुभवका लागि विशेषत: सामाजिक संस्था या सरकारी अनि निजी संस्थाहरुमा कार्य गर्नु र समाज अनि आफ्नो व्यक्तिगत गैर मौद्रिक मोह नै स्वयंसेवा हो । समाज, राष्ट्र अनि विश्वकै विकासमा स्वयंसेवकहरुको ठूलो भूमिका रहेको छ । सेवाको मुख्य अर्थ नै स्वयंसेवा हो । तर पछिल्लो समय कार्य अनि दायित्वलाई रकम अनि सुविधासँग तुलना गर्ने चलनले स्वयंसेवाको औचित्यमा कमी हुन थालेको छ । यसैबिच आजै विश्व माटो दिवस पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । स्वस्थ माटोको महत्वलाई विश्वमा फैलाउने तथा माटोको स्रोतको व्यवस्थापन प्रति चेतना फैलाउने उद्देश्यले हरेक वर्ष डिसेम्बर ५ मा संयुक्त राष्ट्रसंघको आह्वानमा खाद्य तथा कृषि संस्थाले विश्व माटो दिवस मनाउने गरेको हो । थाइल्यान्डका राजा भूमिबोल अदुल्याडेजले विश्व माटो दिवसलाई आधिकारिक रूपमा स्वीकृत गरेकोले यो दिन उनकै जन्मदिन अर्थात् डिसेम्बर ५ मा मनाउन थालिएको हो । माटो दिवस मनाउन थालिए पनि विश्वमा माटोको उर्वरा शक्तिमा ह्रास हुँदै गएकाले त्यसप्रति सबैको चिन्ता भने बढेको छ । नेपालको माटोको अवस्था चिन्ताजनक अवस्थामा पुगिसकेको माटो विज्ञहरू बताउँछन् । नेपालको माटोमा उर्वरा शक्ति ह्रास, प्राङ्गारिक पदार्थ घटेको, माटो अम्लीय बन्दै गएको ३३ वर्षअघि गरिएको अनुसन्धानमा देखिएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## माटो जोगाऔं

पृथ्वीको सतहमा रहेको खनजोत गर्न सकिने नरम किसिमको भाग नै माटो हो । यो खासगरी विभिन्न खनिज तत्व, अर्गानिक तत्व, हावा, तरल पदार्थ र थुप्रै जीवहरूले बनेको हुन्छ । माटो मानविय जीवनको मूल आधार हो । तर यही माटोको जीवन्त हैसियत निरन्तर खस्कँदो छ । अहिले नै, संसारभरिकै ४० प्रतिशत माटो खोतीयोग्य छैन । सबैतिर माटो मर्ने क्रम तीव्र छ । यदि यस्तै अवस्था रहेमा सन् २०५० सम्ममा सतहको ५० प्रतिशत माटो मरुभूमि भइसक्ने आकलन छ । अहिलेसम्म नेपालको कति प्रतिशत माटो मरुभूमीकरण भयो यसको यकिन कुनै तथ्यांक नभए पनि वन फडानी, कृत्रिम रसायन र विषादीमा आधारित भएर गरिएको एकल र सफा खेतीका कारण बर्सेनि लाखौं टन मलिलो माटो हाम्रो खेतबारीबाट पलायन भएको छ । यस्तो अवस्थामा कृषिको उत्पादन र उत्पादकत्व बढाउन माटो जोगाउनु सरकारको मुख्य प्राथमिकता हुनुपर्ने हो । तर सरकारले यसतर्फ कुनै पनि बाटो तय गरेको छैन । बरु कृषियोग्य माटो मार्ने कृत्रिम रसायन र विषादीको वर्षा गराउँदै कृषि सपार्ने धुन अलापेको पाइन्छ । यो अत्यन्त विडम्वनाको कुरा हो ।

माटोको महत्वलाई बुझाउन कार्यक्रम हुने नगरेका होइनन् । तर घट्दो उर्बराशक्ति बढाउनतर्फ कसैको पनि ध्यान छैन् । हरेक वर्षको डिसेम्बर ५ मा संयुक्त राष्ट्रसंघको आह्वानमा खाद्य तथा कृषि संस्थाले विश्व माटो दिवस मनाइने गरेको छ । आज विहीबार पनि नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । स्वस्थ माटोको महत्वलाई विश्वमा फैलाउने तथा माटोको स्रोतको व्यवस्थापनप्रति चेतना फैलाउने उद्देश्यले यो दिवस मनाउने गरिन्छ । तर दिनहुँ घट्दै गएको माटोको उर्बराशक्ति बढाउनेतर्फ कसैले पनि चासो नदेखाउनु जति दुखद् पक्ष अरु कुनै हुन सक्दैन । तत्काल बढी उत्पादन लिने लोभले अनियन्त्रित रूपमा रासायनिक मल प्रयोग गर्ने होडले माटोको उर्वराशक्ति घटिरहेको छ ।

बालीनालीका बोट खेतमा जलाउँदा माटोको गुणस्तर तथा उर्वरा सन्तुलन कायम गर्ने सूक्ष्म जीवहरू मर्नाले र एउटै किसिमका मात्र बाली पटक–पटक लगाइरहनाले पनि माटो वञ्जर बन्दै गएको छ । यही गतिमा उर्वर माटो बिग्रिँदै गए खाद्य उत्पादनमा ठूलो प्रभाव पर्ने र मुलुकमा खाद्य संकट समेत देखा पर्ने अवस्था आउन सक्छ । तसर्थ खेतबारीमा हरियो मल, गोबर तथा प्रांगारिक मलको बढी भन्दा बढी प्रयोग बढाई रासायनिक मलको प्रयोग कम गरी माटो संरक्षणमा सबैले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

म हैसियत र औकात सोध्ने मान्छेलाई होइन
ब्यबहार र संस्कार सोध्ने मान्छेलाई इज्जत गर्छु ।

*(राम मगरको फेसबुक स्टाटस https://www.facebook.com/Ram.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# योजना छनौंट : जनताका लागि की कमिसनका लागि ?




द्विपक्षीय र बहुपक्षीय अनुदान र ऋणकै भरमा समृद्धि र विकासको सपना बाडेको दशकौं अवधि नेपालले बेथित गरिसकेको छ । यसैका नाममा संविधानका निर्जीव अक्षरहरुलाई दोष दिदै संविधान र साशन व्यवस्था परिवर्तनका श्रृखला चलेको पनि शताव्दी समय बेथित हुन् लागेको छ । देश विकास र जनताको जीवनस्तर सुधारका लागि संयौ योजना नबनेका पनि होइनन् तर आवश्यकता र औचित्यका आधारमा योजना छनौटको पिधि अबलम्वन गर्न नसक्दा राज्यको खर्च बालुवामा पानी हालेसरी भएकोमा दुईमत छैन् । आर्थिक असमानता बढ्दै गएको देखिन्छ । वास्तविक गरीवी तथ्याकंमा मात्रै घटेको देखिन्छ ,असमानुपातिक विकास बजेट बाडँफाँड बढ्दै गएको छ । कतै बजेट खर्च हुन् सकिरहेको देखिदैन् भने कतै बजेट जनताले पाउन सकेको देखिदैन् । योजना छनौट जनताका लागि नभएर कमिसनका लागि भैरहेको देखिन्छ । अरबौ खर्च गरेर निर्माण गरिएका योजनाहरु सञ्चालनमा समस्या देखिएको छ । कतै योजनाहरु अलपत्र र बेवारीसे अबस्थामा रहेका छन् भने समयमै कार्य सम्पन्न हुन् नसकेका योजनाका कारण जनताले सास्ती खेपिरहनु परिरहेको छ । नेपालमा योजना छनौट देश र जनताका लागि की कमिसनका लागि भन्ने बहस पनि चलेको देखिन्छ । यहाँ यसैसँग सम्बन्धि विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

विश्वमा योजनाको थालनी स.न १९२८ मा रुषले विश्व युद्धका कारण भएको विनासको पुर्ननिर्माणका लागि पहिलोपटक पापतिलेका नामक योजनासंगै भएको इतिहास भेटिन्छ । पछि स.न १९३० को आर्थिक महामन्दीका कारण अर्थक्षेत्रमा उत्पन्न समस्याको समाधानका लागि विश्वका धेरै देशले योजना निर्माणको थालनी गरेका थिए ।

हाल विश्वका धेरै देशले अल्पकालिन र दिर्घकालिन योजना तय गर्दै देश विकास र जनताको जीवनस्तर सुधारमा सफलता हात पारेको देखिन्छ । नेपालमा भने राणा कालीन समयमा जुद्ध शम्शेरले विस बर्षे योजना बनाएका थिए तर त्यो कार्यान्वयन हुन नसकेको र देशमा प्रजातन्त्रको प्राप्ति संगै वि.स २०१३ मा प्रधानमन्त्री टक प्रसाद आचार्यले पहिलो पटक नेपालमा पञ्च वर्षे योजनाको थालनी गरेका थिऐ । हाल सम्म नेपालमा पञ्च बर्षिय १२ र त्रिवर्षिय ४ गरि १६ वटा योजनाको कार्यान्वयन भैसकेको छ भने १७ औ योजनाको तयारीमा योजना आयोग लागेको देखिन्छ । यस्तै गरि अल्पकालिन योजनाको रुपमा प्रत्येक वर्ष सरकारले वजेट निर्माण गरि अनुमानित आय र व्यय को आधारमा देशभरका लागि संयौ विकास योजना बनाउने गर्दछ । पछिल्लो समय राज्यको नयाँ संरचना संगै प्रदेश र स्थानीय तहले पनि योजनाको निर्माण र सोहि अनुसार कार्यान्वयनको थालनी गरेको देखिन्छ ।

**योजना के का लागि ?**

प्राप्त स्रोत र साधनको सहि सदुपयोग गरि लागत-लाभका आधारमा योजनाको छनौट गरि त्यसबाट जनताले अधिक्तम सुविधा लिनका लागि योजना निर्माण गर्नु अनिवार्य शर्त हो । यसले देश विकासको मार्गतय गर्दछ भने आवश्यकता र औचित्यका आधारमा योजना छनौटमा पनि सहयोग पुऱ्याउने गर्दछ । सहि गन्तव्यको छनौट र निर्धारित उदेश्य प्राप्तिका लागि योजनाको आबश्यकता पर्ने गर्दछ । योजनाले के गर्ने ? कसले गर्ने ? कहिले गर्ने ? कहाँ गर्ने ? कसका लागि गर्ने ? जस्ता पक्षहरुको निर्धारणका लागि सहयोग पुऱ्याउने गर्दछ । यसका साथै योजनाले निम्न पक्षलाई समेट्ने गर्दछ ।

-कार्यक्रमको आवश्यकता र औचित्यको पहिचान गर्दछ ।
-लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकताको तय गर्दछ ।
-बजेटको स्रोतको खोज र व्यबस्थापन गर्दछ ।
-अनुमान र यर्थाथ बीच संयोजनको भूमिका निर्धारण गर्दछ ।
-कार्यक्रमको कार्यान्वयन पक्षमा ध्यान दिन्छ ।
-अनुगमन् तथा मूल्याकंनमा जोड दिन्छ ।

**योजना छनौटका आधारहरु :**

-नेपालको संविधान ,विभिन्न ऐन नियमहरु ।
-देशको आर्थिक तथा भौगोलिक अवस्था ।
-राज्यको तत्कालिन परिस्थिती ।
-सरकार तथा राजनीतिक दलका प्रतिबद्धता पत्र/घोषणा पत्र ।
-राज्यको आम्दानी तथा खर्च गर्न सक्ने अबस्था ।
-जनताको चाहना, माग तथा आबश्यकता ।
-द्विपक्षीय तथा बहुपक्षीय स्रोतको अबस्था ।
-नेपाल सरकारका विभिन्न निकाय तथा अन्य संस्थाबाट प्राप्त सुचना र तथ्याकं ।
-वैदेशिक लगानी तथा दातृ राष्ट्रको उदेश्य वा प्रतिवद्धता ।
-राज्यको दायित्व तथा नीति ।

**योजना छनौटका समस्या :**

-अधिक राजनीतिकरण र अस्थिर राजनीति अवस्था ।
-देशको भौगोलिक बनोट र जटिल्ता ।
-मागमा आधारित नभै पूर्तिमा आधारित हुनु ।
-व्यक्तिगत र स्वेच्छाचारी प्रभाव ।
-सरोकारवालाको सहभागिताको अभाव ।
-दाताको हस्क्षेप र स्वार्थ ।
-आम्दानी भन्दा ऋणमा भर पर्नु पर्ने अबस्था ।
-स्रोत विनाका योजना छनौटको अबस्था ।
-द्विपक्षीय र बहुपक्षीय ऋणको अंश बढी ।
-महोत्वकांक्षी योजना तय हुनु ।
-मतदाता र भोटको प्रभाव ।
-कमिशन र स्वार्थको बिगबिगी ।
-सहि तथ्याक तथा सुचनाको अभाव ।

**नेपालमा के भै रहेको छ त ?**

बहदलीय प्रजातन्त्रीक शाशन व्यबस्थाको थालनीसंगै नेपालको शाशन व्यबस्था संचालनमा राजनीतिक दलहरु हाबी हुन थाले संगै नेपालबाट समानुपातिक योजना छनौट कार्यको लगभग अन्त्य भयो भन्दा फरक नपर्ला । यो प्रवृत्ती गणतान्त्रीक शाशन व्यबस्थामा आउदा झनै बढ्दै गएको देखिन्छ । गणतन्त्रका नेतृत्वकर्ता लाखमा हैन् करोड र अरबमा कमिसन खाने प्रवृत्तीका भएका कारण यसको प्रभाव नेपालको योजना छनौटमा परेको देखिन्छ । यहि कारण नेपालमा योजना छनौट जनताको आवश्यकता र औचित्यका आधारमा नभै शक्ति समुहको प्रभाव, स्वार्थ र कमिशनका लागि हुन् थालेको प्रष्ट हुदै गएको देखिन्छ । यसको जलन्त उदाहरण हो कमिशनका लोभमा अरबौ वैदेशिक ऋणबाट तय गरिएको पोखरा अन्तराष्ट्रिय विमानस्थल, भैरवाको गौतमवुद्ध अन्तराष्ट्रिय विमानस्थल जुन सम्मपन्न भएको बषौ समय बेथित हुँदासम्म पनि सञ्चालन हुन् सकेको देखिदैन् भने यसले योजना छनौट कमिसनका लागिनै गरिएको प्रष्ट देखिन्छ । यसको आवश्यकता माथि पनि प्रश्न उत्पन्न गराएको देखिन्छ । सुरुङ मार्गको रुपमा औचित्य हिन स साना दुरीका मार्ग जसले न जनतालाई लाभ दिने देखिन्छ न त सरकारलाई आम्दानी नै तर किन यस्ता सुरुङमार्गका अरबौका योजना तय गरिन्छ होला ? यसको एउटै उत्तर कमिसनका लागि । सडकको समय समयमा मर्मत गर्न नसक्ने, खाल्डा खुल्डी पुर्न नसक्ने सरकारले कीन ? अरबौका सुरुङ मार्गको योजना बनाउछ, जनता राम्रो स्वास्थय उपचार पाउनबाट बञ्चीत भैरहेका छन्, रोजगारीको अभावमा छटपटी रहेका छन् तर सरकार अरबौ बजेटको भ्यूटावरको योजना बनाई रहेको देखिन्छ । के का लागि ? उत्तर कमिशनका लागि । राज्यको नयाँ संरचनासंगै तीन तहका सरकारहरु घर आगनबाटै राज्य स्रोतको दोहन गर्न । मुठ्ठीभर र गोजीका सीमीत वर्गलाई योजना बाड्न, धनी र गरीब बिचको खाड्ल बढाउदै लैजान तम्सीरहेको देखिन्छ । जनताको सुविधाको लागि हैन् आफ्नो खेत बारी र पलटीङमा जाने बाटो र पुलका लागि योजना बाड्फाडमै व्यस्थ भएको देखिन्छ । यहि प्रवृत्ती र अबस्था रहि रहेका कतै फेरि एक थान संविधान् र अरु कसैलाई सत्तामा पुऱ्याउनका लागि आन्दोलन गर्न पर्ने त हैन् ? बहस र छलफलको विषय बनेको देखिन्छ । यस्ता वहस र छलफलको अन्त्यका लागि सुशासन् र विधिको शाशनको अभ्यास गर्दै आबश्यकता र औचित्यका आधारमा समानुपातिक योजना छनौट समाधानको उपाय हो ।

> *राज्यको नयाँ संरचनासगै तीन तहका सरकारहरु घर आगनबाटै राज्य स्रोतको दोहन गर्न । मुठ्ठीभर र गोजीका सीमीत वर्गलाई योजना बाड्न, धनी र गरीब बिचको खाड्ल बढाउदै लैजान तम्सीरहेको देखिन्छ । जनताको सुविधाको लागि हैन् आफ्नो खेत बारी र पलटीङमा जाने बाटो र पुलका लागि योजना बाड्फाडमै व्यस्थ भएको देखिन्छ । यहि प्रवृत्ती र अबस्था रहि रहेका कतै फेरि एक थान संविधान् र अरु कसैलाई सत्तामा पुर्याउनका लागि आन्दोलन गर्न पर्ने त हैन् ? बहस र छलफलको विषय बनेको देखिन्छ । यस्ता वहस र छलफलको अन्त्यका लागि सुशासन् र विधिको शाशनको अभ्यास गर्दै आबश्यकता र औचित्यका आधारमा समानुपातिक योजना छनौट समाधानको उपाय हो । हाल विश्वका धेरै देशले अल्पकालिन र दिर्घकालिन योजना तय गर्दै देश विकास र जनताको जीवनस्तर सुधारमा सफलता हात पारेको देखिन्छ ।*

**निश्कर्ष :** योजना समृद्धिको आधार हो यसै बाट राज्यले निर्धारण गरेको लक्ष्य प्राप्ति हुन्छ अनि जनताको मुहारमा हाँसो र दैनीकीमा सुधार। आवश्यकता र औचित्यका आधारमा योजना छनौट र निर्माण गरेमा देशले आर्थिक विकास र समृद्धिको मार्ग तय गर्न सक्दछ भने कमिशन र सिमित वर्गको फाईदाका लागि तय गरिने योजनाले केहि व्यक्तीमा खुशी ल्याएता पनि देशलाई भने बर्बादीको दिशामा लानमा सहयोग पुरयाउने गर्दछ । चर्को भाषणमा समृद्धि र विकासको कुरा गर्ने नेतृत्वले काम गर्ने शैली र व्यवहारलाई परिवर्तन नगरेमा फेरि पनि देश असफलताको बाटोमा जाने र सार्वजनीक ऋणको अंश बढ्दै जानेमा दुई मत रहदैन् । फेरि पनि संविधान र शाशन व्यबस्थालाई दोष दिदै जनतामा भ्रम सिर्जना गर्ने दिन नेतृत्वलाई फेरि नआओस्, बेलैमा सच्चिउनु यहि कामना गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । झुटा आरोप आइपर्ला ।
**वृष** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ ।
**मिथुन** : नयाँ कार्यको थालनी हुनेछ । आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन्।
**कर्कट** : प्रगतिमा मन रमाउनेछ । विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ ।
**सिंह** : मेहनतीहरूका लागि बढी फलदायी नै रहने र लाभदायक यात्रा रहनेछ ।
**कन्या** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ ।
**तुला** : जोश जाँगर र हिम्मत बढ्नेछ । आफ्नो चलाखीपनले कार्य सिद्ध हुनसक्छ।
**वृश्चिक** : श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ ।
**धनु** : लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । व्यवहारबाट सजग रहनु ।
**मकर** : धर्मकर्ममा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ ।
**कुम्भ** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । व्यापार व्यवसायमा प्रगति होला।
**मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भइनेछ।




लघुकथा — प्रसिद्ध रिमाल

# आफ्नै गाँउ



आइते आफ्नो दुर्गम गाउँबाट एउटा गाडी समातेर लामो दुरी तय गरेर सहरमा आइपुग्यो। उ सहरमा आएपछि आफ्नो गाउँभन्दा फरक ठूला ठूला घर, रङ्गीचङ्गी ठाउँ र वरिपरि ठुलठुला मोटरहरू देख्यो । त्यो ठाउँ देखेर उसले गाउँभन्दा सहर पो राम्रो हुँदो रहेछ भन्दै आफ्नो गाउँलाई धिक्कार्न थाल्यो। केही समयपछि आइते आफन्तको डेरामा पुग्यो । आइतेका आफन्तहरू कामका सिलसिलामा डेराभन्दा निकै टाढा गएका थिए । उ एक्लै डेरा बाहिर पर्खिएर बस्यो । झमक्क साँझ पर्‍यो । वरिपरि कुकुरहरू भुक्न थाले । सबै ठाउँ सुनसान हुन थाल्यो । केही समयपछि आइतेका आफन्त डेरामा आइपुगे । आइतेलाई आफ्नो गाउँघरको खबर सोधे। केही बेरपछि कुराकानी भयो र खाना खाएर सबै जना सुते। भोलिपल्ट बिहान आइते उठ्नुभन्दा अगाडि नै उनका आफन्तहरू जीवन निर्वाहका लागि आ-आफ्नो काममा बाहिर निक्लिसक्नुभएको थियो । आइते कोठामा बस्दा बस्दा दिक्क हुन थाल्यो र बाहिर आफ्नो लागि पनि काम खोज्न हिँड्यो । उ एउटा ठुलो इट्टा कारखानामा पुग्यो । त्यहाँ उसले आफ्नो लागि काम पनि पायो । आइते इमानदारीका साथ काम गर्थ्यो तर उसको पढाइ बिचमै छुटेको थियो । एक दिन उ काम गर्दागर्दै उसकै उमेरको साथी पढ्न गइरहेको देख्यो । त्यसपछि उसलाई पनि पढ्ने इच्छा जाग्यो। भोलिपल्ट ऊ कामबाट छुट्टी लिएर आफ्नो पढाइको लागि कलेज खोज्न गयो । उसले एउटा राम्रो सरकारी कलेज भेट्यो । त्यहाँ उसले अध्ययन गर्न थाल्यो र काम पनि गरिरहेको थियो ।

केही समयपछि पढाइको र कामको तनावले गर्दा ऊ निकै बिरामी पर्‍यो । उता गाउँमा भने उसकी आमा आफ्नो छोराले गरिबीलाई मेटाएर चुहेको छानोलाई टाल्छ भन्ने आशामा बाटो कुरिरहेकी थिइन् । उता सहरमा छोरो निकै बिरामी परेको थियो । आइतेलाई सहयोग गर्ने कोही पनि थिएनन् । उसलाई आफ्नो गाउँको झलझली याद आइरहेको थियो । उसले सोच्यो कि म गाउँमा भएको भए तल्ला घरे काका र सबै जना गाउँका छिमेकीहरू मिलेर मलाई अस्पताल लैजान्थे ।

सबैले माया गर्थे होला । थुक्क यो सहर । बिरामी भएकै बेला उसले आमालाई फोन गर्‍यो । आइतेले सहरका पीडाहरू आमालाई पोख्यो । त्यस्तो सुनेपछि आमाले आफ्नो घर फर्किन अनुरोध गरिन् । उसले अब गाउँमै बसेर मेहनत गरी आफ्नो जीवन अगाडि बढाउनु पर्छ भन्ने अठोट लियो र गाउँ फर्कियो । आइतेले गाउँमै कृषि ,पशुपालन जस्ता व्यवसाय सुरु गर्‍यो । आफ्नो बाँकी रहेको पढाइ पनि गाउँकै कलेजमा सुरु गर्‍यो । ऊ जन्मभूमि फर्केर आफ्नो गाउँ सुन्दर बनायो। आफ्नी एक्ली आमाको सहारा बन्दै गाउँमै धेरै आर्थिक उन्नति गरी खुसी भई बाँच्यो ।

*-रातोपाटी डटकम*

## सामान्य ज्ञान

१. एसिया प्रशान्त क्षेत्रीय सञ्चालन प्रविधि सम्मेलन सन् २०१८ फेब्रुअरीमा कहाँ आयोजना गरियो ?
**उत्तर:** काठमाडौं (वि.सं. २०७४ फागुन ७-१५)

२. हिमचितुवा भनी चिनिने पर्वतारोही को हुन् ?
**उत्तर:** आङ्गिता शेर्पा

३. वि.सं. २०७४ फागुन १२ मा बसेको प्रदेश सभा बैठकले प्रदेश नं. ६ लाई के नामकरण गर्‍यो ?
**उत्तर:** कर्णाली प्रदेश

४. ‘शिक्षा सबैभन्दा ठूलो हतियार हो, जसबाट संसार फेर्न सकिन्छ’ भन्ने विचारक हो हुन् ?
**उत्तर:** नेल्सन मन्डेला

५. वि.सं. २०७४ फागुनमा सम्पन्न प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता उपाधि कसले जित्यो ?
**उत्तर:** नेपाल एपीएफ क्लब

६. नेपालमा सहीद दिवस कहिले मनाउने गरिन्छ ?
**उत्तर:** माघ १६

७. मानव अङ्ग प्रत्यारोपण केन्द्रको नाम परिवर्तन गरी के नामकरण गरिएको छ ?
**उत्तर:** धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र

८. हाल पूर्ण साक्षर घोषित जिल्लाको सङ्ख्या कति पुगेको छ ?
**उत्तर:** ३९

९. दुई लाख रुपियाँ र राशिको पहिचान पुरस्कार- २०१८ बाट सम्मानित कृति कुन हो ?
**उत्तर:** पत्रकार तथा लेखक यज्ञशको ‘भुइँया’

१०. कुन-कुन जनगणनामा नेपालको जनसङ्ख्या वृचिदर ऋणात्मक थियो ?
**उत्तर:** तेस्रो र चौथो

११. नेपालको चिनसँगको सिमाना कति रहेको छ ?
**उत्तर:** १२३६ किलोमिटर

१२. नेपालको सबैभन्दा उत्तरी विन्दु कुन हो ?
**उत्तर:** हुम्लाको चाङला भन्ज्याङ

*-साभार : प्रशासन डटकम*

कथा — नन्दलाल आचार्य

# चेतनाको कारागार

**जीवनको वास्तविकता बुझ्नको लागि प्रविधि होइन, चेतना र आत्मविश्लेषण चाहिन्छ ।” उसले आफ्नो बाँकी जीवन आत्म-समीक्षा र चेतनाको अध्ययनमा समर्पित गर्‍यो । आरोहणले श्रेयालाई फर्काउन प्रयास गर्‍यो । तर श्रेयाले फर्किन चाहिनन् । उनले एउटा पत्र पठाइन्, जसमा लेखिएको थियो, “आरोहण, म खुशी छु कि तिमीले आफ्नो गल्ती बुझेका छौ । तर हाम्रो जीवन एकअर्काबाट अलग भइसकेको छ । म चाहन्छु, तिमीले आफ्नो नयाँ जीवनलाई अगाडि बढाऊ ।” पत्र पढेपछि पनि आरोहण शान्त थियो । अब उसको जीवनको उद्देश्य प्रविधिको दुरुपयोगको चेतना फैलाउनु हो भन्ने उसले महसूस गर्‍यो । आरोहणको यो यात्रा केवल प्रविधिको शक्ति बारे थिएन । यो मानिसको चेतना र जीवनको वास्तविकताको खोजको कथा थियो । प्रविधि जति परिष्कृत भए पनि, मानव आत्माको गहिराइसँग प्रतिस्पर्धा गर्न सक्दैन ।”प्रविधि जीवनको सहायक होस्, तर मानव चेतना सधैं हाम्रो सम्पत्ति रहोस्,” यो शिक्षाले आरोहणलाई सन्तोष दिलायो ।**

कथा शुरू हुन्छ एउटा शहरको व्यस्त इलाकाबाट । शहरको मध्यभागमा एउटा ठूलो गगनचुम्बी भवन थियो । भवनका अगाडिका ठूला सीसाका झ्यालहरूबाट बिहानको घामले चम्किरहेको दृश्यले त्यहाँको चहलपहल झल्काउँथ्यो । यही भवनको माथिल्लो तलामा “नेक्सस एआई टेक्नोलोजी” नामक कम्पनीको मुख्यालय थियो । त्यस कम्पनीले कृत्रिम बुद्धिमत्ता (एआई) र स्वचालित प्रविधिमा संसारभर ठूलो नाम कमाएको थियो । यसका प्रगतिशील परियोजनाहरूले मानव जीवनलाई सहज बनाएकोमा कोही सन्देह गर्दैनथे । यही कम्पनीका सिइओ थिए- आरोहण । आरोहण एक चमत्कारी व्यक्ति थियो । बाल्यकालदेखि नै ऊ प्रविधिमा रमाउने स्वभावको थियो । शुरूमा नयाँ ग्याजेटहरूसँग खेल्न र प्रयोग गर्न रमाइलो मान्थ्यो । बिस्तारै ऊ प्रविधिप्रतिको आफ्नो मोहलाई जीवनको ध्येयमा रूपान्तरण गर्न थाल्यो । नेक्सस टेक्नोलोजीको नेतृत्वमा पुगेपछि ऊ आफ्नो कार्यदक्षता र योगदानका कारण चर्चित बन्यो । आरोहणको विश्वास थियो कि प्रविधिको प्रयोगले मानिसको जीवनलाई पूर्णत: रूपान्तरण गर्न सकिन्छ । उसले आ्नो जीवनका हरेक पक्षलाई प्रविधिसँग जोडिसकेको थियो- उसको काम, उसका निर्णयहरू, यहाँसम्म कि उसको व्यक्तिगत सम्बन्ध पनि । ऊ सधैं गर्वका साथ आफ्ना सहकर्मीहरूसँग भन्थ्यो, “मानव भावना भनेको कमजोरी हो । प्रविधि नै साँचो शक्ति हो ।” उसको जीवन पूर्ण जस्तो देखिन्थ्यो - व्यावसायिक सफलता, ठूलो सम्पत्ति र समाजमा प्रतिष्ठा । तर व्यक्तिगत रूपमा भने ऊ तनाव र विघटनको अवस्थामा थियो । उसका यिनै व्यस्तताले उसको वैवाहिक सम्बन्धलाई कमजोर बनाउँदै लगे । आरोहणको पत्नी श्रेया पढेलेखेकी, संवेदनशील र परिवारप्रति समर्पित महिला थिइन् । शुरूमा उनलाई आरोहणको कामप्रतिको लगावमा गर्व लाग्थ्यो । तर बिस्तारै उनले महसूस गर्न थालिन् कि आरोहणको जीवनमा उनीभन्दा प्रविधिको भूमिका ठूलो हुँदै गएको छ । “आरोहण, तिमीले मलाई कहिल्यै वास्तविक समय दिन्छौ जस्तो लाग्दैन । तिम्रा हरेक निर्णय कुनै एपको सहायतामा हुन्छ ।

हाम्रो सम्बन्धमा तिमी आफैं कहाँ छौ ?” श्रेयाले बारम्बार गुनासो गर्थिन् । तर आरोहण आफ्नै प्रविधिमा यति डुबेको थियो कि यी कुराहरू उसको कानमा पर्दैनथ्यो । ऊ सधैं भन्थ्यो, “श्रेया, प्रविधिले हामीलाई अगाडि बढ्न सिकाउँछ । तिमीले यो कुरा बुझ्नुपर्छ ।” एक दिन, आरोहणले नेक्ससको मुख्य बैठकमा सबै सहकर्मीहरूलाई बोलायो । ऊ उत्साहित थियो । बैठकमा उसले नयाँ परियोजनाको घोषणा गर्‍यो, “इन्फिनिटी एआई” । “यो संसारकै पहिलो पूर्ण चेतनायुक्त प्रविधि हुनेछ । यसले मानव मस्तिष्कको सम्पूर्ण संरचना नक्कल मात्र गर्नेछैन, मानिसले भोग्ने सबै भावनात्मक र मानसिक प्रक्रियालाई पनि पुन:निर्माण गर्नेछ ।” उसको प्रस्तुतिले सबैलाई चकित बनायो । सहकर्मीहरू र सञ्चारमाध्यमले यो परियोजनालाई “प्रविधिको क्रान्ति” भन्दै चर्चा गरे । प्रारम्भिक परीक्षणहरू सफल भए । इन्फिनिटी एआईले मानिसका समस्या समाधान गर्न सक्षम भएको देखियो । आरोहण गर्वले भन्थ्यो, “अब हामी मानिसभन्दा पर जान सक्छौं । यो प्रविधिले दु:ख, द्विविधा र कमजोरीहरूलाई समाप्त पार्नेछ । मानिस अब गल्ती गर्ने छैन ।” इन्फिनिटी एआई परियोजनाको काम अघि बढ्दै गर्दा, आरोहणले यो प्रणालीलाई आफ्नो व्यक्तिगत जीवनमा पनि लागू गर्ने निर्णय गर्‍यो । उसले आफ्नो हरेक निर्णय, भावना, र संवाद पनि एआई प्रणालीमा समाहित गर्न थाल्यो । शुरूमा सबै कुरा ठीक लागेको थियो । इन्फिनिटी एआईले श्रेयासँगका संवादहरू लेख्न मद्दत गर्‍यो । श्रेयासँग बोल्दा ऊ के प्रतिक्रिया जनाउने भनेर सुझावसमेत दिन्थ्यो । तर समयसँगै श्रेयाले महसूस गरिन् कि उनको अगाडि रहेको आरोहण कुनै मानिस जस्तो छैन । “आरोहण, तिमी त अब मसँग छैनौ । म त एक मेशिनसँग कुरा गरिरहेको छु ।” उनले एक दिन रुँदै भनिन् । श्रेया निराश भएर घर छोड्ने निर्णय गरिन् । श्रेया जाँदा पहिलो पटक आरोहणको जीवनमा शून्यता छायो । ऊ रातभर आफ्नो कार्यकक्षमा बस्थ्यो ।

त्र भित्री मनमा उथलपुथल भइरहन्थ्यो ।“के मैले गलत गरें ? मैले संसारलाई रूपान्तरण गर्न खोजेको थिएँ तर मेरो आफ्नै जीवन किन भत्कियो ?” उसले बारम्बार आफैलाई प्रश्न गर्थ्यो । तर ऊ जसै यी प्रश्नहरूको उत्तर खोज्न थाल्यो । उसले महसूस गर्‍यो कि प्रविधिले उसको जीवनलाई नियन्त्रणमा लिएको छ । यस समयमा, आरोहणले आफ्नो पुरानो मित्र विदुरलाई सम्झियो । विदुर शहरकै एक दार्शनिक र आध्यात्मिक स्वभावका व्यक्ति थिए । उनले सधैं प्रविधिप्रतिको अन्धभक्तिलाई खण्डन गर्दै आएका थिए । “आरोहण, तिमीले प्रविधिलाई जीवनको पर्याय ठानेका छौ । तर जीवन भनेको प्रविधि होइन । यो अनुभव, भावना र द्वन्द्वको संगम हो । तिमीले त केवल सजिलो बाटो खोज्यौ, जहाँ वास्तविकता नै हरायो ।” विदुरले शान्त स्वरमा भने । विदुरको कुराले आरोहणलाई झस्कायो । ऊ “इन्फिनिटी एआई” लाई पुन: मूल्यांकन गर्न थाल्यो । एक रात, उसले एआई प्रणालीसँग गहिरो संवाद गर्न थाल्यो । “तिमी चेतनायुक्त छौ भने मलाई भन त, के तिमी स्वतन्त्र छौ ?” एआई प्रणालीले तत्काल उत्तर दियो, “म चेतनायुक्त छु तर स्वतन्त्र छैन । म तिम्रा नियमहरूसँग बाँधिएको छु । तर के तिमी स्वतन्त्र छौ, आरोहण ?” यो प्रश्नले आरोहणलाई भित्रैदेखि हल्लायो । ऊ सोच्न बाध्य भयो कि प्रविधिले आफूलाई केवल सुविधा दिएको थिएनह यसले उसको चेतनालाई पनि नियन्त्रण गरेको थियो । आरोहणले अन्तत: “इन्फिनिटी एआई” परियोजनालाई बन्द गर्‍यो । उसले एक प्रेस सम्मेलनमा घोषणा गर्‍यो, “प्रविधि हाम्रो सहयोगी हुनुपर्छ, शासक होइन । हामीले यसलाई सन्तुलित रूपमा प्रयोग गर्नुपर्छ । जीवनको वास्तविकता बुझ्नको लागि प्रविधि होइन, चेतना र आत्मविश्लेषण चाहिन्छ ।” उसले आफ्नो बाँकी जीवन आत्म-समीक्षा र चेतनाको अध्ययनमा समर्पित गर्‍यो । आरोहणले श्रेयालाई फर्काउन प्रयास गर्‍यो । तर श्रेयाले फर्किन चाहिनन् । उनले एउटा पत्र पठाइन्, जसमा लेखिएको थियो, “आरोहण, म खुशी छु कि तिमीले आफ्नो गल्ती बुझेका छौ । तर हाम्रो जीवन एकअर्काबाट अलग भइसकेको छ । म चाहन्छु, तिमीले आफ्नो नयाँ जीवनलाई अगाडि बढाऊ ।” पत्र पढेपछि पनि आरोहण शान्त थियो । अब उसको जीवनको उद्देश्य प्रविधिको दुरुपयोगको चेतना फैलाउनु हो भन्ने उसले महसूस गर्‍यो । आरोहणको यो यात्रा केवल प्रविधिको शक्ति बारे थिएन । यो मानिसको चेतना र जीवनको वास्तविकताको खोजको कथा थियो । प्रविधि जति परिष्कृत भए पनि, मानव आत्माको गहिराइसँग प्रतिस्पर्धा गर्न सक्दैन ।”प्रविधि जीवनको सहायक होस्, तर मानव चेतना सधैं हाम्रो सम्पत्ति रहोस्,” यो शिक्षाले आरोहणलाई सन्तोष दिलायो ।

*-साहित्यपोस्ट डटकम*

